**भारत का महावाणिज्य दूतावास**

**बीरगंज (नेपाल)**

***********

**<u>प्रेस विज्ञप्ति</u>**

**<u>भारत द्वारा खैरहानी गाविस-5, चितवनमा श्री राष्ट्र प्राथमिक विद्यालय, सुल्तानाको लागि नयाँ विघालय भवन निर्माण</u>**

भारत सरकारको ने.रू १८.६६ मिलियन आर्थिक सहयोगमा निर्मित श्री राष्ट्रिय प्राथमिक विघालय, सुल्ताना (पुनःनामाकरण आधारभुत विघालय सुल्ताना) खैरेनी गा.वि.स-०५, चितवनको नयाँ विघालय भवन आज श्री नितेश कुमार, महावाणिज्यदूत, भारतको महावाणिज्य दूतावास, बीरगंज र श्री मेनेजर चौधरी, वडा अध्यक्ष, वडा नं ०७, खैरेनी नगरपालिका, चितवन द्वारा संयुक्तरूपमा उद्घाटन गरियो । उक्त उद्घाटन समारोहमा भारत र नेपालका मित्रहरू लगायत विघालय व्यवस्थापन समिति, स्थानीय राजनीतिज्ञ र समुदायका नेताहरू पनि उपस्थित थिए ।

2. भारत सरकारको “नेपाल-भारत विकास सहकार्य” अन्तरगत अनुदान १२ कक्षा कोठा र सरसफाई सुविधा भएको दूई तल्ले विघालय भवन निमार्णमा उपयोग गरियो। उक्त परियोजना भारत सरकार र नेपाल सरकार बिचको समझौता अन्तर्गत एक उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा लिईएको थियो ।

3. श्री राष्ट्रिय प्राथमिक विघालयको स्थापना सन् १९७३मा सुल्ताना, चितवनमा भएको थियो । यद्पि, सन् २००४को बाढीमा विघालय पुर्णरूपले ध्वस्त भएको थियो । भारत सरकारको विघालयलाई गरिएको आर्थिक सहयोग समुदायका विधार्थीहरूको लाभ र उनीहरूको शैक्षिक अनुभव वृद्धी गर्ने तिर लक्षित छ । विघालय भवन विघालयको जरूरतलाई ध्यानमा राखी निमार्ण गरिएको छ ।

4. यस परियोजनाले नेपाल र भारत बिचको विकास साझेदारीलाई प्रतिविम्वित गर्नुका साथै शिक्षा क्षेत्रमा पुर्वाधार अभिवृद्धि गर्न नेपाल सरकारले गरेको प्रयासलाई थप बल पुऱ्याएको छ ।

*******

**विरगंज (नेपाल)**

**मार्च ३१, २०२१**